CIVIC ACTION TEAMS

# Nepal Coronavirus CivActs Campaign

अंक #८२
२२।८।२०७७

Coronavirus CivActs Campaign (CCC) ले सरकार, सञ्चार माध्यम, संघसंस्था र आम नागरिक बिचको सूचनाको दुरी कम गर्न देशभरिबाट संकलन गरिएका हल्ला, नागरिकका जिज्ञासा तथा प्रश्नहरु संकलन गरी तथ्य पत्ता लगाएर आम नागरिकलाई सूचित गर्दछ । यसले आम नागरिकका आवश्यकताको पहिचान गर्नुकासाथै हल्लाहरुले कुनै नकारात्मक असर पुऱ्याउनुपुर्व सान्दर्भिक तथ्य आम नागरिक समक्ष प्रवाह गरी जोखिम न्युनिकरण गर्दछ ।

## एकिकृत एम्बुलेन्स सेवा सञ्चालन निर्देशिका, २०७७ बमोजिम एबुलेन्स सञ्चालन अनुमतीका लागि आवश्यक मापदण्डहरु

१. एम्बुलेन्स कुन बर्गको खरिद गर्ने हो, सो स्पष्ट उल्लेख गरी सम्बन्धित पालिकामा निवेदन दिने ।

२. एम्बुलेन्स सञ्चालन अनुमती दुई वर्षका लागि हुनेछ ।




३. म्याद समाप्त हुनु भन्दा ३० दिन अगावै सम्बन्धित स्थानीय तह/प्रदेशको सिफारिस सहित नविकरणका लागि सम्बन्धित प्रादेशिक एम्बुलेन्स तथा पूर्व-अस्पताल व्यवस्था समितिमा निवेदन दिने ।



४. हाल "ग" वर्गमा सञ्चालित एम्बुलेन्सहरु निर्देशिका लागू भएको दुई वर्ष भित्र स्तरोन्नती गर्नु पर्ने ।

५. एम्बुलेन्स सेवा २४सै घण्टा सञ्चालन गर्ने गरी तयारी अवस्थामा राख्नु पर्ने ।

६. ग्रामिण भेगमा एम्बुलेन्स सञ्चालन गर्दा अनिवार्य रुपमा फोर व्हील ड्राइभ, पावर स्टेरिङ, सस्पेन्सन चेन सिस्टमको एम्बुलेन्स मात्र प्रयोग गर्नु पर्ने ।

स्रोत: https://www.mofaga.gov.np/uploads/notices/Notices-20201202123325253.pdf

## नेपाल अपडेट



कोरोना त्रासको बाबजुद पनि पोखरा लेकसाइडको हल्लनचोकमा देखिएको विदेशी पर्यटकको चहलपहल

तस्विर: नारायणी सिग्देल



# हल्ला र तथ्य



सरकारले लक्षण देखिएका कोभिड - १९ का बिरामीको परीक्षण तथा उपचार नि:शुल्क गर्ने भनेको थियो । अस्पतालले त बिरामीसँग पैसा असुलिरहेकाछन् नी ?

लक्षण देखिएका कोभिड - १९ का बिरामीको परीक्षण तथा उपचार खर्च स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले व्यहोरिरहेको छ । उपचारका लागि सुचिकृत अस्पतालले त्यस्ता बिरामीबाट उपचार बापत शुल्क लिन पाउँदैनन् । यदि अस्पतालले बिरामी र मन्त्रालयसँग दोहोरो शुल्क लिएको पाईएमा अनुगमन गरी कारवाही गर्ने स्वास्थ्य तथा जनसंख्या मन्त्रालय ईन्सिडेन्ट कमाण्ड सिस्टमले निर्णय गरेको छ ।


स्रोत: https://cutt.ly/Khm9nWr



कक्षा १२ को परीक्षा दिन छुटेका विद्यार्थीले फेरी परीक्षा दिन पाउने भन्ने कुरा साँचो हो ?

२०७७ कार्तिक २४ गते देखि मंसिर १६ गते भित्र कोभिड - १९ बाट संक्रमित विद्यार्थीले संक्रमणका कारण सम्पूर्ण वा केही विषयको परीक्षमा सहभागी हुन नपाएको भए मात्र विद्यार्थीले पुन: लिईने परीक्षामा सहभागी हुन पाउनेछन् । त्यसको लागि नेपाल सरकारबाट मान्यता प्राप्त प्रयोगशालाबाट लिईएको कोभिड - १९ को पोजेटिभ रिपोर्ट २०७७ मंसिर २६ गते भित्र सम्बन्धित विद्यालयमा पेश गर्नु पर्नेछ ।

स्रोत: http://www.neb.gov.np/uploads/photos/SCSPW5Hx7t201203013643.pdf



कोरोना बीमा दावी गर्दा कसैले केही कागजात माग्छ त, कसैले केही । यसको बारेमा बुझ्ने आधिकारिक निकाय छैन ?

अहिले कोरोना बीमा बारे थुप्रै निर्णय अनि समाचारहरु बाहिर आए । यसले पनि बीमा दावी गर्ने व्यक्तिमा थप अन्यौलता थपिएको छ । यो अवस्थालाई मध्यनजर गर्दै बीमा समितीले बीमा दावीबारे जानकारी, परामर्श र गुनासो सुनुवाईका लागि टोल फ्रि नम्बर १६६०-०१-५६७८९ सञ्चालनमा ल्याएको छ । त्यसै गरेर तिन जना सम्पर्क व्यक्ति, पनि तोकेको छ । विस्तृत विवरण तलको लिंकमा दिईएको छ ।

स्रोत: https://cutt.ly/ahm5OCu



कोभिड - १९ का कारण वैदेशिक रोजगारीबाट आफ्नै खर्चमा फर्किका व्यक्तिले पनि सरकारबाट हवाई टिकट बापत खर्च भएको रकम फिर्ता पाउँछन् रे । के यो कुरा साँचो हो ?

हो ? सरकारले उद्धार गर्ने मापदण्ड भित्र परेका, तर सरकारले उद्धार गर्नुपूर्व आफ्नै खर्चमा स्वदेश फर्किएका व्यक्तिले नियम अनुसार हवाई टिकट बापत खर्च भएको रकमको सोधभर्ना सरकारबाट पाउँछन् । त्यसका लागि कोभिड - १९ को संक्रमणका कारण वैदेशिक रोजगारीका क्रममा अलपत्र परेका नेपाली कामदारको उद्धार गरी स्वदेश फिर्ता गर्ने सम्बन्धी निर्देशिका, २०७७ (तलको लिंकमा हेर्न सक्नुहुन्छ) को अनुसुची ३ बमोजिम कागजत र निवेदन वैदेशिक रोजगार विभागमा पेश गर्नु पर्दछ ।

स्रोत: https://cutt.ly/KhlOJyh

WhatsApp मार्फत हाम्रो बारेमा नियमित ताजा जानकारी पाउन

१. तपाईको कन्ट्याक्ट लिस्टमा +2760806146 एड गर्नुहोस्
२. माथिको कन्ट्याक्ट नम्बरमा **Nepal** लेखेर म्यासेज पठाउनुहोस्




**COVID-19**

को बारेमा बुझ्न नि:शुल्क हटलाईन

viamo द्वारा प्रस्तुत

कोभिड - १९ सम्बन्धी सित्तैमा जानकारी लिनको लागि तपाईको NTC सिमकार्डबाट **३२१००** मा डायल गर्नुहोस्


accountabilitylab NEPAL

# Open Migration

## मुख्य गन्तव्य राष्ट्रमा रहेका नेपाली कामदार

| | साउदी अरब | कुवेत | बहराईन | कतार | युएई | ओमान | मलेसिया | दक्षिण कोरिया |
|---|---|---|---|---|---|---|---|---|
| नेपाली | ३,३४,४५१ | ७१,१९३ | २६,००० | ४,०६,९१७ | २,२४,९०५ | १७,०५७ | ५००,००० | ३८,८६२ |
| संक्रमित | ३,५८,७१३ | १,४४,३६९ | ८७,९३० | १,३९,९०८ | १,७६,४२९ | १,२४,८८६ | ७२,६९४ | ३८,१६१ |
| नेपाली संक्रमित | ५,२५० | २,१५० | ४५१ | २७,४१२ | ४,५०० | ३०० | ८१ | २७ |
| मृत्यु भएका नेपाली | ८४ | १२ (मृत्यु भएक नेपाली) | ३ | १८ | ३९ | १ | | |

- गन्तव्य राष्ट्रमा संक्रमित नेपाली
- गन्तव्य राष्ट्रमा नेपाली जनसंख्या
- गन्तव्य राष्ट्रमा संक्रमित जनसंख्या
- गन्तव्य राष्ट्रमा मृत्यु भएका नेपाली



स्रोत: https://coronavirus.jhu.edu/map.html
https://www.covid19.nrna.org.np/
https://publications.iom.int/system/files/pdf/mp_nepal_2019.pdf

ShramikSanjal

## यूएईको पिसिआर परीक्षण, नेपाल स्थीत कतारको भिषा सेन्टर र बहराईनको आममाफी सम्बन्धी जानकारी

### यूएई

यूएईको अबुधाबीमा अब पिसिआर परीक्षण गर्न जम्मा ८५ दिरहाम मात्र लाग्ने छ । यो सुविधा सरकारी अस्पतालहरूले उपलब्ध गराउनेछन् ।

### कतार

नेपालमा रहेको कतार भिषा सेन्टरले यही डिसेम्बर १० तारीख देखी आफ्नो सेवा सुचारु गर्ने जनाएको छ । कोभिड - १९ सुरु भएपछि कतारका लागि नयाँ भिषामा रोक भएसँगै कतार भिषा सेन्टर (QVC) बन्द थियो ।

### बहराईन

बहराईनमा अहिले आममाफी चलीरहेको छ । यो आममाफीमा बहराईनमा अवैध( ानिकरुपमा बसेकाले देश छोडेर आफ्नो देश फर्किन सक्छन् । त्यसै गरेर उनिहरूलाई अवैधानिकबाट वैधानिक हुने बाटो पनि खुल्ला गरीएको छ । यो अवसर ३१ डिसेम्बर, २०२० सम्म रहेको छ ।

www.facebook.com/shramik.sanjal बाट तपाई हरेक आईतबार, बुधबार र शुक्रबार बेलुका UAE Time (8:00 PM), Qatar, KSA, Kuwait (7:00 PM) Malaysia (12 Midnight) हाम्रो लाईभ हेर्न सुन्न सक्नुहुन्छ ।

accountabilitylab NEPAL

# $ फलो द मनी – खर्चको अर्थ

## २०७७ साल श्रावण मसान्त सम्म कोभिड – १९ को सन्दर्भमा भएको जम्मा खर्च


**१३ अर्ब ३७ करोड**

| संघिय सरकार | प्रदेश सरकार | स्थानीय सरकार | प्रधानमन्त्री कोरोना रोकथाम तथा उपचार कोष |
|---|---|---|---|
| ३६% | ११% | ४५% | ८% |

## संघिय सरकारमा भएको खर्च शिर्षक

- औषधी तथा स्वास्थ्य उपकरण: रु. १,७५,५२,४०,०००
- क्वारेन्टाईन व्यवस्थापन: रु. ४,६९,४६,०००
- स्वास्थ्य बीमा: रु. २,९३,८८,९६,०००
- अन्य: रु. १,२४,७३,०००
- मानव स्रोत साधन परिचालन: रु. ५,७४,४३,०००


## प्रदेश सरकारले गरेको खर्च




accountabilitylab NEPAL

# $ फलो द मनी - खर्चको अर्थ

## २०७७ साल असार मसान्तसम्म वीरेन्द्रनगर नगरपालिकाले कोरोना नियन्त्रण, रोकथाम तथा प्रतिकार्यमा गरेको खर्चको विवरण




वीरेन्द्रनगर नगरपालिकाले उपलब्ध गराएको विवरण अनुसार, उसले कोरोना, रोकथाम, नियन्त्रण तथा प्रतिकार्यमा करिब रु. ६ करोड रकम खर्च गरेको छ । तर, माथिको ग्राफमा प्रस्तुत गरिएको छुट्टा छुट्टै खर्च शिर्षकले केही प्रश्न खडा गर्दछ । क्वारेन्टाईन व्यवस्थापन, मसलन्द र औषधीमा भएको खर्च तुलनात्मक रुपमा खाद्यान्न र राहत वितरणमा भएको खर्च भन्दा थोरै हो । राहत वितरणमा मात्र जम्मा करिब २ करोड २६ लाख खर्च भएको छ । सरकारले प्रतिघरधुरी उपलब्ध गराएको औसत राहत रकम रु. १२५० सँग तुलना गर्ने हो भने, वितरण गरिएको रकम वीरेन्द्रनगर नगरपालिकाका ७६% घरधुरीलाई वितरण गर्न पुग्छ । जुन अप्रत्यासित रुपमा बढी हुन आउँछ । तसर्थ, यसलाई पारदर्शी बनाउन प्रति घरधुरीलाई कतिका दरले जम्मा कती घरधुरीलाई राहत वितरण गरियो भनेर विस्तृत विवरण सार्वजनिक गर्न जरुरी छ । त्यसै गरेर, अन्य शिर्षकमा भएको खर्च मसलन्द, क्वारेन्टाईन व्यवस्थापन र आईसोलेशन निर्माण भन्दा बढी छ । त्यसकारण प्रष्ट विवरण सार्वजनिक गर्न जरुरी छ ।

नोटः हाम्रो उद्देश्य सरकारले गरेको राम्रो काम र छुट्याएको बजेटको बारेमा सबैलाई जानकारी होस र सो पश्चात यस विषयमा नागरिक र अन्य सरोकारवालाको बिचमा छलफल भई सरकारलाई प्रयाप्त पृष्ठपोषण प्राप्त होस् भन्ने हो । यहाँ प्रस्तुत विवरण पूर्ण हैन । उपलब्ध माध्यमबाट संग्रह गरी राखिएको हो । थप सही तथ्यांक संकलन गरी परिमार्जन गर्दै जानेछौं । यसमा सबैले सहयोग गरिदिनुहुन अनुरोध गर्दछौं ।

# फ्रन्टलाईनर्स भोईसेस



## मञ्जु देवी गुरुङ

उप-प्रमुख, पोखरा महानगरपालिका

"जतातातै त्रास छाइरहेको अवस्थामा एउटा नागरिक भन्दा पनि जिम्मेवारीमा रहेको व्यक्तिको दायित्व सम्झेर काम गरेँ । हरेक क्वारेन्टाइनमा दिनहुँ जसो पुगथेँ । बिशेष गरी, महिला क्वारेन्टाइनमा गर्भवती महिलाको खानपानमा र समुदायमा भएका सुत्केरी महिलाहरुलाई प्राथमिकतामा राखेर आवश्क वस्तु आफै गएर प्याकेज बनाएर वितरण गरेँ । कठिन परिस्थितिमा पनि घरघरमा पुगेर व्यक्तिगत मिटिङ राखेर परामर्श दियौं । सावधानीका बावजुत म आफै कोरोना संक्रमित भएँ । कोरोनालाई सामान्य नसोचौं । यसले दिएको पिडा र दुखाइ निकै कष्टकर हुन्छ । "

## आरती गुरुङ

स्टाफ नर्स, गण्डकी मेडिकल कलेज, पोखरा



"कोरोनाका बिरामीलाई उपचार गर्दै जाँदा डर पनि कम हुँदै गयो । कोरोना सक्रमित बिरामीलाई नै हेर्नुपर्ने भएकोले उनिहरुको रेखदेखसँगै आफू पनि सुरक्षित रहनु पर्ने चुनौती थियो । १२ घण्टासम्म शौचालय जान नपाउँदा र समयमा खाना खाने समय नमिल्दा आँफै बिरामी पर्छु कि जस्तो लाग्थ्यो । सुरुको केही समय व्यवस्थापनको अभाव र काम गर्ने कर्मचारीको कमीले गर्दा केही गाह्रो भएको थियो । म अहिले पनि अस्पतालकै क्वारेन्टाइनमा बसेर कोरोनाका बिरामी हेर्दैछु । अब ४ दिन पछी पिसिआर गरेर रिपोर्ट नेगेटिभ आयो भनेमात्र घर जाने विचारमा छुँ । "



## सरिता कुमरी थारु


सरसफाई कर्मचारी, नोवेल अस्पताल, बिराटनगर

"यो महामारीको समयमा, विशेष गरेर सुरुका दिनमा काम गर्न निकै डरलाग्दो थियो । बिचमा एक पटक मलाई ज्वरो आए पनि काममा जान छोडिन । तर, मलाई मेरो घरमा भएको सानो छोरा र परिवारको चिन्ता थियो । त्यस बेला म एक्लै बसेँ । भाग्यवस मलाई केही पनि भएन । मैले अहिले पनि त्यसरी नै काम गरिरहेकी छुँ । तर, मैले पाउनुपर्ने पारिश्रमिकको आधामात्र पाईरहेकी छुँ । मसँग अर्को विकल्प छैन । यसले मलाई जीवन धान्न गाह्रो भईरहेको छ । मलाई थहा छैन, सरकार अथवा, अस्पताल प्रशासनले हामी जस्ता कामदारको बारेमा केही योजना बनाएको छ की ? "

सही सूचना

# नेपालमा २०-४० वर्ष उमेर समुहमा संक्रमण बढी

## नेपालमा उमेर समुह अनुसार कोभिड - १९ संक्रमितको संख्या





माथिको चार्टमा नेपालमा उमेर समुह अनुसार कोभिड - १९ संक्रमितको संख्या देखाईएको छ । २० देखी ४० वर्ष उमेर समुहमा बढी संक्रमण देखिएको छ । तर, सबै उमेर समुहका महिलामा भने संक्रमण कम देखिएको छ । त्यसै गरेर बढी जोखिम वर्गमा पर्ने बालबालिका र ज्येष्ठ नागरिकमा पनि तुलनात्मक रुपमा संक्रमण कम देखिएको छ । अहिले सम्म देखिएका जम्मा संक्रमित मध्ये १२ प्रतित मात्र जोखिम वर्गमा पर्ने व्यक्तिहरु (१० वर्ष भन्दा कम र ६० वर्ष भन्दा बढी उमेर समुह) रहेका छन् । यति हुँदाहुँदै पनि बढी मृत्युदर भने यहि उमेर समुहमा पर्ने व्यक्तिहरुको रहेको छ । तसर्थ, यो उमेर समुहका व्यतिहरु अझै सुरक्षित हुन जरुरी छ ।

स्रोत: HEOC, MoHP, SitRep

**DISCLAIMER**

यो अंकमा समेटिएका हल्ला, सवाल तथा सूचनाहरु, बिभिन्न संस्था तथा व्यक्ति, नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र विश्व स्वास्थ्य संगठनको वेब पेज, सामाजिक सञ्जाल, ७ वटै प्रदेशमा रहेका कम्युनिटी फ्रन्टलाईनर्स र सिभिक एक्सन टिमले विगत एक हप्तामा बिभिन्न व्यक्तिसँगको प्रत्यक्ष तथा अप्रत्यक्ष संवादबाट संकलन गरिएका हुन् । विषयको महत्व, सान्दर्भिकता र तीव्रतालाई ध्यान दिएर हल्ला, सवाल तथा जिज्ञासाहरु छनोट गरीएका छन् । यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन् ।



**Coronavirus CivActs Campaign** is brought to you by **Accountability Lab Nepal**.

accountabilitylab communities

@CivicActionTeams @civacts @CivActs

CivActs | Email: civactsnp@accountabilitylab.org | Phone: 9851203219